कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा

# कालीगण्डकी राजपत्र

खण्डः ५ संख्याः २ मितिः २०७८/०१/१९

## भाग-२

स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७८

आज्ञाले,

दिनेश ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको मिति २०७८/०१/१९ गतेको निर्णयानुसार स्वीकृत

# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावनाः

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३ बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमुना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न कालीगण्डकी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कालीगण्डकी गाउँ कार्यपालिकाको मिति २०७८/०१/१९ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग -१

## प्रारम्भिक

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम कालीगण्डकी राजपत्र प्रकाशन सम्बन्धी, २०७८ रहेको छ । स्थानीय राजपत्र भन्नाले कालीगण्डकी राजपत्रलाइ बुझिने छ ।

२. **कार्यविधि लागू हुने** : यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

## भाग -२

## स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरुः** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूचि-१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचाः** स्थानीय राजपत्रको ढाँचा अनुसूचि-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था** : स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष ( उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २, कायम गरी त्यसपछि क्रमशः जति बर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **स्थानीय राजपत्रको सख्या :** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष सुरु भएपछि नयाँ संख्याबाट सुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्री** : स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग १ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी:** स्थानीय राजपत्र कालीगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा (आज्ञाले) भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग -३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा विवरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी** : (१) कार्यपालिकाले कुनै शाखा वा इकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:** (१) प्रकाशन हुने सामग्री गाउँ कार्यपालिकाको कानून सम्बन्धी प्रशासन शाखाबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्न पुनः प्रकाशन शाखामा पठाईनेछ ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेबार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निः शुल्क रुपमा उपलब्ध गराउनुपर्ने:** गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराईनेछ ।

क) नेपाल सरकार र प्रदेश सरकारको स्थानीय मामिला हेर्ने मन्त्रालय

ख) जिल्ला समन्वय समिति,

ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा र

ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यलय

**१३. वेभ साइटबाट सार्वजनिक गनुपर्ने** : गाउँपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सो बाट समेत सार्वजनिक गरिनेछ ।

**१४. विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य** : (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा इकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

(क) **बार्षिक सदस्य बनाई बिक्री गर्दा** : वडा कार्यालय वा गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्दता शुल्क लिई बिक्री गरेमा बार्षिक रु ५९०।- (पाँच सय नब्बे रुपैयाँ)

(ख) **खुद्रा बिक्री गर्दा**: स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ पेज सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ पेज सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

द्रष्टब्य : माथि उल्लिखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । स्थानीय सभाले उल्लिखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

**१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने** : स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. कार्यविधिको व्याख्या : यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. बचाऊ : यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

### भाग-२

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूचि -२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ....... | संख्या ....... | मिति ..... |

भाग-१

**कालीगण्डकी गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

(दफा-४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड....... | संख्या........ | मिति........ |

भाग -२

**कालीगण्डकी गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत